नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep # ६

१३ असार २०७७

# दैनिक विपद् बुलेटिन

१२ असार बिहान १०:०० बजेदेखि १३ असार बिहान १०:०० बजे सम्म


नेपालमा मनसुनसँगै विपदका घट्नाहरु घट्ने क्रम जारी छ । मनसुन शुरुवात भएको दोस्रो हप्ता सकिन लाग्दा पनि आगलागीका घट्नाहरु घटिरहेका छन् । सुनसरी र रामेछाप जिल्लामा गरी २ स्थानमा आगलागी भएका छन् भने मकवानपुर, सिन्धुपाल्चोक र म्याग्दी जिल्ला गरी तीन स्थानमा ३ वटा पहिरो गएका छन् ।


| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | ० | ६,००,००० | २ | ० |


## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का ५ वटा घट्नाहरु भएका छन् । **सुनसरी** जिल्लाको धरान उपमहानगरपालिका -११ बनडाँडा र **रामेछाप** जिल्लाको अन्नपूर्ण गाउँपालिका- ५ पाउद्वारमा गरी **दुई** स्थानमा **आगलागी** भएको छ । **आगलागी**बाट अनुमानित रु. ६,००,०००/- रुपैयाँ बराबरको क्षति भएको छ ।

- **मकवानपुर** जिल्लाको भिमफेदी गाउँपालिका- ६ जुरिखेतमा एक, **सिन्धुपाल्चोक** जिल्लाको भोटेकोशी गाउँपालिका-२ तातोपानीमा एक र **म्याग्दी** जिल्लाको अन्नपुर्ण गाउँपालिका -३ दाना थामपाटामा एक गरी जम्मा **तीन** स्थामा **पहिरो** गएको छ ।




थप जानकारीको लागिः https://bipad.gov.np/incidents

## सडक अबरोध

- **सिन्धुपाल्चोक जिल्लाको** भोटेकोशी गाउँपालिका-२ तातोपानी बजार नजिकै **अरनिको राजमार्गमा अबिरल** बर्षाका कारण सडक भासिन गई सडक अवरोध भएको छ ।
- **म्याग्दी जिल्लाको** अन्नपुर्ण गाउँपालिका-३ दाना थामपाटामा अ**बिरल वर्षाको** कारण सडक भन्दा माथिबाट ढुङ्गा माटो सहितको लेदो पहिरो आई **बेनी जोमसोम सडक खण्ड** पुर्णरुपमा अबरोध भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागीका घट्नामा उद्धार गर्नुका साथै पहिरो गई अवरोध भएको सडक खण्डलाई स्थानीय व्यक्ति सहितको पहलमा पहिरो पन्छाउने कार्य भईरहेको छ ।

## पूर्वानुमान

असार १३ (शनिबार)

- कोशी, नारायणी, कर्णाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सबै नदीहरुमा पानी सतर्कता तहभन्दा तल नै हुने ।
- कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने, बहाव सबै नदीहरुमा पानी सतर्कता तहभन्दा तल नै हुने पूर्वानुमान छ । तर कन्काई, कमला, बागमती, पश्चिम राप्ती र बबईका केही स-साना सहायक नदीहरुमा तुलनात्मकरुपमा बढ्ने र केहिमा सतर्कता तह आसपास पुग्न सक्ने ।
- ईलाम, झापा, मोरङ, सुनसरी, प्रदेश २ का जिल्ला, उदयपुर, सिन्धुली, मकवापुर, काठमाण्डौ उपत्यका, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट,धादिङ, चितवन, नवलपरासी, रूपन्देही,दाङ, रोल्पा, प्यूठान, दैलेख, जाजरकोट, रूकुम, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डोटी र आसपास जिल्ला भई बहने केहि स-साना खोलाहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने सम्भावना रहेको छ ।

  थप जानकारीका लागिः https://bit.ly/3dDpOM7

## अनुसूची-१

१) विपद्का घट्नावाट भएको संक्षिप्त क्षति विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०७७-०३-१२ देखि २०७७-०३-१३ सम्म | पहिरो, आगलागी, भारी वर्षा | ५ | ० | ० | ० | २ | ० | २ | ० | ० | ६००००० |

२) जिल्ला अनुसारको क्षतिको विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु * | | | | वेपत्ता * | घाईते * | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पहिचान नभएको | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | सुनसरी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ६००००० |
| २ | रामेछाप | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० |
| ३ | सिन्धुपाल्चोक | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | मकवानपुर | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | म्याग्दी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

* मृत्यु, वेपत्ता तथा घाईतेको विवरण स्रोत नेपाल प्रहरी

# नवलपरासी र रुकुमको हकमा २०७४-०७-०९ भन्दा अगाडीको विवरणमा पुरानो संरचना तथा नयां दुबै रहने